

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २९ गते बुधबार ❑ 14 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मुलुकको समृद्धिका लागि एमालेले चुनाव जित्नुपर्छ- अध्यक्ष ओली

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौं




नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न एमालेले चुनाव जित्नुपर्ने धारणा राख्नुभएको छ ।

मंगलबार पोखरामा सुरु भएको नेपाल लोकतान्त्रिक तमु सङ्घको दोस्रो राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै उहाँले भन्नुभयो "देश र जनताका साथै विकासका र समृद्धिका लागि एमालेले चुनाव जित्नुपर्छ ।" अध्यक्ष ओलीले लोकतन्त्रलाई सही गन्तव्यमा डोऱ्याउन र संविधान कार्यान्वयन गर्नका लागि पनि एमालेले आगामी निर्वाचनमा एमालेको दरिलो उपस्थिति हुनुपर्ने औँल्याउनुभयो । उहाँले बहुदलीय परिपाटीमा हुने नियमित प्रक्रियाको चुनाव जस्तो नभएर आगामी चुनाव देशमा समृद्धि ल्याउन तथा संविधान कार्यान्वयन गर्न महत्वपूर्ण रहेको पनि बताउनुभयो । जनताले आत्मविश्वास गुमाउँदा देश अप्ठ्यारोमा पर्ने उल्लेख गर्दै अध्यक्ष ओलीले त्यस्तो स्थिति आउन दिन नहुने बताउनुभयो । उहाँले विकास र समृद्धिको राष्ट्रिय सङ्कल्प हासिल गर्न सबै पक्षलाई एकताबद्ध हुन आग्रह गर्नुभयो ।

## माओवादी केन्द्र कास्कीले निर्वाचनका लागि उम्मेदवार सिफारिस

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौं

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) कास्कीले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि पार्टीका तर्फबाट उम्मेदवार सिफारिस गरेको छ ।

माओवादीले मङ्सिर ४ गतेको निर्वाचनका लागि शहीद परिवारसमेत रहनुभएका पोखरा-५ निवासी अनिता भुर्तेललाई प्रतिनिधिसभाको समानुपातिकतर्फ उम्मेदवार सिफारिस गरेको छ । तत्कालीन नेकपा (माओवादी) कास्कीका जिल्ला सहइञ्चार्ज रहनुभएका अनिताका बुबा राजविक्रम र आमा सीता भुर्तेललाई विसं २०६१ वैशाख ३१ गते पोखरा-२४ पामेबाट नियन्त्रणमा लिएर मारिएको थियो ।

राजविक्रम पार्टीका जिल्ला नेता रहे पनि आमा पार्टी समर्थक र गृहेणी हुनुहुन्थ्यो । सानै उमेरमा सशस्त्र युद्धमा बुबा/आमा गुमाएपछि अनिताले सङ्घर्ष गर्दै आफू पढ्दै र बहिनीहरू र भाइको सम्पूर्ण जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । बाबु/आमा शहीद हुँदाको बेला उहाँ प्रवेशिका परीक्षा दिएर बस्नुभएको थियो । त्यसपछि परिवारमा तीन बहिनी र एक भाइको सम्पूर्ण जिम्मेवारी अनिताको काँधमा आयो ।

अनिताम हालै पोखरामा भएको माओवादी केन्द्र निकट अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी महासङ्घको प्रथम राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय सदस्यमा चयन हुनुभएको छ । पार्टीले उम्मेदवार सिफारिस गरेर पठाएपछि उहाँले खुसी व्यक्त गर्नुभयो । "पार्टीको महत्वपूर्ण जिम्मेवारीमा नरहे पनि पार्टीले मलाई सम्भिएर उम्मेदवार सिफारिस गरेकामा खुसी छु । हेरौँ अन्तिम सिफारिसमा पर्न के गर्छु । त्यसमा परे त ठूलो कुरा भयो नि ।" माओवादी कास्कीले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचिनका लागि प्रत्यक्ष र समानुपातिकमा गरी ४५ जनाको नाम गण्डकी प्रदेश समितिमा सिफारिस गरेको हो । माओवादीले प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा पार्टीका पोलिटब्युरो सदस्य राजकाजी गुरुङ 'करण', यशोदा सुवेदी गुरुङ, तेजकुमारी पौडेल र शिवजी लामिछानेको नाम सिफारिस गरेको छ । यसैगरी प्रदेशसभा क्षेत्र नम्बर १(क) मा दीपक कोइराला, विश्वप्रकाश लामिछाने, विमला पहारी, छवि लामिछाने र अमरदीप पराजुलीले नाम सिफारिस गरिएको छ । क्षेत्र नं १ (ख) मा पार्टीका गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, शरदचन्द्र बराल, तोरण गुरुङ र सूर्यप्रकाश तिवारीको नाम सिफारिस गरिएको छ । प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा वाइसिएलका निर्वतमान संयोजक सुमन देवकोटा र गङ्गा पोखरेलको नाम पार्टीको प्रदेश कमिटीमा सिफारिस गरिएको माओवादीले जनाएको छ ।

यसैगरी प्रदेशसभा २ (क) मा जनकराज पराजुली र भक्तबहादुर खत्री सिफारिस हुनुभएको छ भने क्षेत्र नं २ (ख) मा विनय थापा, हरिनारायण गिरी, रुद्र विश्वकर्मा र रामजी आचार्यको नाम सिफारिस भएको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोउवा संघका नवनिर्वाचित अध्यक्ष, पदाधिकारी तथा कार्यसमितिबाट पदभार ग्रहण

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौं



पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष पवनकुमार प्रजापतिसहित पदाधिकारी र कार्यसमितिका सदस्यहरुले पदभार ग्रहण गरेका छन् ।

शनिबार सम्पन्न ३४ औं महाधिवेशनबाट निर्वाचित अध्यक्ष प्रजापतिसहित संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, उद्योग उपाध्यक्ष देवेन्द्र केसी, वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्य, महासचिव बलराम आचार्य, कोषाध्यक्ष दीनेशचन्द्र बास्तोला, उपमहासचिव शोभा गौतमसहित कार्यसमितिका सदस्यहरुलाई संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले पदस्थापन गराएका हुन् । पदस्थापन कार्यक्रममा संघका निवर्तमान महासचिव सुरेन्द्रमान विजुक्छेको पनि उपस्थिति रहेको थियो । पदस्थापन कार्यक्रममा संक्षिप्त मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष पवनकुमार प्रजापतिले निजी क्षेत्रको उन्नयन तथा पोखराको समग्र आर्थिक विकासको लागि एकजुट भएर अगाडि बढ्नुपर्ने बताए । पोखरा उद्योग वाणिज्य संघको मंगलबार नै बसेको पहिलो कार्यसमिति बैठकले विभिन्न निर्णयहरु पनि गरेको छ । अध्यक्ष प्रजापतिको अध्यक्षतामा सोमबार नै बसेको बैठकले संघको सचिवालय गैह्रापाटनमा बहुउद्देश्यीय भवन निर्माणका लागि वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीलाई संयोजकको जिम्मेवारी प्रदान गरेको छ भने व्यवसायीमाथि आइपर्ने पीरमर्का संवोधनको लागि व्यवस्था गरिएको हेल्पडेक्सको संयोजकको जिम्मेवारी पनि वरिष्ठ उपाध्यक्ष कार्कीलाई नै सुम्पेको छ ।

बैठकले निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन पनि गरेको छ । सो अवसरमा संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले नवनिर्वाचित अध्यक्ष,पदाधिकारी तथा कार्यसमिति सदस्यहरुलाई बधाइसहित सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

यसैगरी पोखरा उद्योग वाणिज्य संघको कार्यसमिति सदस्यमा सौगात थापा मनोनित भएका छन् । संघका अध्यक्ष पवनकुमार प्रजापतिले संघको विधानको परिच्छेद ६ अन्तर्गत ६.१ 'ड' को अधिकार प्रयोग गर्दै सदस्य प्रतिष्ठान बगैंचा वेलनेस रिसोर्टका थापालाई कार्यसमिति सदस्यमा मनोनित गरेका हुन् । संघको विधानले अध्यक्षलाई ४ जना सदस्य मनोनित गर्ने अधिकार प्रदान गरेको छ ।

## नेपाल र चीनबीच बहुआयामिक सम्बन्ध : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, २८ भदौं



प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल र चीनबीच बहुआयामिक सम्बन्ध रहेको बताउनुभएको छ ।

जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकांग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्शुको नेतृत्वमा आएको चिनियाँ प्रतिनिधिमण्डलले मंगलबार सिंहदरबारमा गरेको शिष्टाचार भेटवार्ताका क्रममा प्रधानमन्त्री देउवाले नेपालको परराष्ट्र नीति पञ्चशीलको सिद्धान्तमा आधारित रहेको जानकारी दिँदै नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको बताउनुभयो ।

त्यसक्रममा प्रधानमन्त्री देउवाले चीनका विरुद्ध नेपाली भूमिमा कुनै पनि गतिविधि गर्न नदिइने प्रतिबद्धता जनाउनुभयो । उहाँले नेपालको आर्थिक सामाजिक क्षेत्रमा विगत लामो समयदेखि चीनले गर्दै आएको सहयोगको प्रशंसा गर्नुभयो । सोमबार सभामुख अग्निप्रसाद सापकोटासँग भएको सम्झौताप्रति खुसी व्यक्त गर्दै प्रधानमन्त्री देउवाले उक्त सम्झौताले दुई देशबीचको सम्बन्ध थप बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो ।

सिंहदरबारमा भएको दुई देशका प्रतिनिधिमण्डलस्तरीय भेटवार्ताका क्रममा जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकांग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्शुले दुई देशबीच छ दशकभन्दा लामो समयदेखि असल छिमेकीका रूपमा मैत्रीपूर्ण सम्बन्ध स्थापित हुँदै आएको बताउनुभयो ।

उहाँले चीनमा हालै गएको भूकम्पमा नेपालले व्यक्त गरेको सहानुभूतिप्रति धन्यवाद दिनुभयो । अध्यक्ष चान्शुले सन् १९६० को दशमा तत्कालीन प्रधानमन्त्री विपी कोइराला र चिनियाँ नेतृत्वबीच भएको समझदारी, भेटघाट र भ्रमणको स्मरण पनि गर्नुभयो । उहाँले नेपालले आउँदो असोज ३ मा मनाउन लागेको नेपालको संविधान दिवसको शुभकामना पनि दिनुभयो । उहाँले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताका सन्दर्भमा चीन गम्भीर र सचेत रहेको पनि बताउनुभयो ।


**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, बाँझापाटन, कास्की
फोन नं. ०६१-५३३८११, ५९०६७३, ९८५६०६६८११

**१४ औं वार्षिक साधारणसभा बस्ने बारेको सूचना**

आदरणीय शेयर सदस्य महानुभावहरु,
यस संस्थाको मिति २०७९/०५/०७ गते बसेको सञ्चालक समितिको २२९ औं बैठकको निर्णय अनुसार तपसिलका प्रस्तावहरु उपर विस्तृत छलफल गरि निर्णय गर्न निम्न मिति, समय र स्थानमा संस्थाको चौधौं साधारण सभा हुने भएकोले अनिवार्य उपस्थिस्तिका लागि बिनम्र अनुरोध गर्दछौं ।

**कार्यक्रम तालिका :**
मितिः २०७९ साल आश्विन २९ गते शनिवार
समयः बिहान ७. ३५ बजेदेखि
स्थानः सितलादेवी पार्टी प्यालेस, पोखरा-१२, चापापानी

**छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
२. संचालक समितिको तर्फबाट सचिवज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
३. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यूको आ.व. २०७८/०७९ को वित्तीय प्रतिवेदन तथा आ.व. २०७९/०८० को बजेट प्रस्तुत ।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
५. माथि उल्लेखित अध्यक्ष, सचिव, लेखा संयोजक को प्रतिवेदन तथा कोषाध्यक्षको प्रतिवेदन एवं आ.व. २०७९/०८० को बजेट उपर छलफल गरि पारित गर्ने ।
६. संचालक समितिबाट पारित विभिन्न कार्यबिधिहरुको अनुमोदन गर्ने ।
७. शेयर लाभांश कोषको रकम वितरण सम्बन्धी निर्णय अनुमोदन गर्ने ।
८. संरक्षित पुँजी फिर्ता कोषको रकम बितरण सम्बन्धी निर्णय पारित गर्ने ।
९. आर्थिक वर्ष २०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
१०. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट १२ जना प्रतिनिधि चयन गर्ने ।
११. विविध ।

(पुनश्चः पत्र प्राप्त नभएमा वा अन्य कुनै माध्यमबाट खबर प्राप्त नभएमा यसैलाई आधारमानी कार्यक्रममा सहभागी हुनुहुन बिनम्र अनुरोध गरिन्छ ।)
(नोटः शेयर सदस्यका बाबुनानीहरु मध्ये २०७८ सालको कक्षा ८, एस.ई.ई. र कक्षा १२मा उत्कृष्ट ३/३ जना तथा एमफिल र पि.एच.डी. गर्ने शेयर सदस्य वा बाबुनानीहरु सम्पुर्णलाई सम्मान गर्ने कार्यक्रम राखिएको हुँदा आश्विन १४ गतेभित्र कार्यालयमा सम्पर्क गरि लब्धाङ्क पत्र पेश गर्नुहोला । )

संचालक समितिको आज्ञाले
(इन्द्र बहादुर कुँवर )
सचिव

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# डेंग विरुद्ध अभियान चलाऊ

कोभिड-१९ नसकिदै राजधानी काठमाडौंसहित धेरै जिल्लाहरूमा डेंगु संक्रमणले अत्याएको छ। काठमाडौंमा कोभिड-१९ पछि डेंगु संक्रमणले धेरैलाई गलाएको छ। दिनहुँ झन्डै सय बिरामी डेंगुका भेटिएका छन्। झापा, उदयपुर, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, बुटवल र जाजरकोटमा डेंगुका संक्रमित भेटिएका छन्।कतिपय जिल्लामा यो संक्रमण परीक्षणको कीट नै छैन । परीक्षण किटको अभावमा धेरै नेपालीले डेंगु संक्रमण बेहोर्नुपरेको छ।केही वर्षयता यो रोगको बर्सेनि संक्रमण देखिन थालेको छ। यो लामखुट्टेले टोकेर हुने संक्रामक रोग हो। लामखुट्टे देखा पर्ने भनेकै बर्खायाम हो। त्यसैले बर्खायाममा यसको संक्रमण हुन्छ ।

एडिस एजेप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले मात्रै यसको संक्रमण गराउँछ, जसले राति होइन दिउँसोमात्रै मानिसलाई टोक्छ । साह्रै धेरै टाउको दुख्ने, हनहन्ती ज्वरो आउने, सासफेर्न गाह्रो हुने, रक्तस्राव हुने, शरीर गल्ने, रिंगटा लाग्ने र बान्ता हुनेजस्ता यो संक्रामक रोगको लक्षण हो । संक्रामक हुनुका कारण यो एकबाट अर्को व्यक्तिमा सर्छ । अहिले जुन रूपमा बिरामी देखिएका छन्, कतै यसले महामारीकै रूप लिने त होइन ? आशंका जन्माएको छ। आफूलाई नभएसम्म हेलचेक्र्याइँ गर्ने बानी धेरैजनासँग हुन्छ । त्यही कारणले नै यस्ता संक्रामक रोगहरू फैलने हुन् । तसर्थ सर्वसाधारण सबैले पहिला आफू संक्रमित नहुने र अरूलाई पनि संक्रमण नहोस् भन्नेतिर ध्यान पुऱ्याएर व्यवहार गर्न जरुरी छ । लामखुट्टेको बासस्थान जमेको पानी, खाल्डाखुल्डी, टायर लगायतमा बनाउँछ ।

त्यसरी पानी जम्न नदिनु डेंगुबाट जोगिने उपाय हो। क लामखुट्टे छिर्न नदिन झ्यालढोलामा राम्ररी जाली लगाउने, झुल लगाएर सुत्नु राम्रो हुन्छ।हेलचक्राइ गरेमा डेंगुकै कारण ज्यान पनि जान सक्छ। ज्वरो आउनेलगायत जुन लक्षण देखिएपछि सबैभन्दा पहिला त अस्पताल पुगेर उपचार गराउनुपर्छ । धेरैजसो नेपाली भने सिकिस्त नभई अस्पताल जाने गर्दैनन् । त्यो भनेको आफ्नै ज्यानलाई जोखिममा पार्नु हो । अर्कोतिर घरमै बस्दा पनि तातो र झोलिला चिजहरू खानुपर्ने चिकित्सकहरूले सल्लाह दिएका छन ।

सरकारी निकायले सार्वजनिक ठाउँहरूमा डेंगु सार्ने लामखुट्टेको बासस्थान नष्ट गर्ने उपाय अपनाउनुपर्छ । विभिन्न औषधि छर्कने र ठाउँकुठाउँ जमेको पानी फाल्ने र जम्न नदिने गर्नुपर्छ । सरकारी निकाय तात्यो र सचेतना फैलाउँदै लामखुट्टेका बासस्थान नष्ट गर्नपट्टि लाग्यो भने नागरिकस्तरमा स्वतः जागरण पैदा हुन्छ।जागरण चलाउँदै कार्यकर्ता जागरुक हुन सकेमा सुधार देखिनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्वतको विहादीमा स्थानीय जातका गाई संरक्षण सुरु

पोखरापत्र संवाददाता
पर्वत, २८ भदौं

पर्वतको विहादी गाउँपालिकामा स्थानीय जातका गाई संरक्षण सुरु गरिएको छ।

स्थानीय जातको गाई लोप हुँदै गएपछि गाउँपलिकाले संरक्षण अभियान थालेको हो । विहादी गाउँपालिकाले पालिकाभित्रका छ वटै वडामा व्यावसायिक वा निर्वाहमुखीरुपमा स्थानीय जातका गाईपालन गरेका कृषकलाई प्रोत्साहसमेत गर्ने भएको छ।

पर्वतमा पछिल्लो समय उन्नत जातका गाईपालन बढ्दै गएको छ । थोरै दूध दिने र गाईपालनको खर्चसमेत नउठ्ने भन्दै कृषक स्थानीय गाईपालन गर्न छाडेका छन् । पालिकाले सूचना जारी गर्दै स्थानीय जातका गाईपालक कृषकलाई गाईको सुत्केरी भत्ताका लागि आवेदन माग गरेको छ । कृषकलाई प्रोत्साहनसहित गाईपालनतर्फ आकर्षण बढाउन यस्तो अभियान थालिएको विहादी गाउँपालिकाका अध्यक्ष परविन गुरुङले जानकारी दिनुभयो । गाई अभावमा गाउमा विभिन्न हिन्दू संस्कारमा गाईको दस्तुर भन्दै नगद दक्षिणा राखेर उम्काउने गरिएको छ । यसले हिन्दू धर्म नै सङ्कटनमा पर्ने र हिन्दू धर्मावलम्बी नयाँपुस्ताले स्थानीय जातको गाईको पहिचान नै नपाउने भएकाले संरक्षण गर्न थालिएको अध्यक्ष गुरुङको भनाइ छ । नगरपालिकाको यस कार्यक्रममा समावेश हुन गाई र गर्भाधारण गराइएको बहर स्थानीय नै हुनुपर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवोधबाबु पौडेलले जानकारी दिनुभयो । पालिकाले न्यूनतम रु पाँच हजारभन्दा बढी प्रोत्साहन भत्ता दिने तयारी गरेको छ । जिल्लाका सात स्थानीय तहमध्ये विहादीले पहिलोपटक स्थानीय गाईलाई संरक्षणका लागि अभियान थालेको हो । यसअघि जिल्लाका सबैजसो पालिकाले गाईभैंसीलाई सुत्केरी भत्ता दिने कार्यक्रम भने यसअघि नै सुरु गरेका थिए । भैंसी सुत्केरी भएपछि पाडापाडी तत्काल मासुका रुपमा उपभोग गर्ने प्रचलन बढेपछि सुत्केरी भत्ता दिएर पाडापाडी हुर्काउने र स्थानीय जानका लिमे पाराकोटे भैंसी संरक्षणका लागि उक्त कार्यक्रम लागू गरेका छन् ।

यस्तै पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पनि यस वर्ष गाईभैंसीको सुत्केरी खर्चका लागि रु छ लाख रुपैयाँ विनियोजन गरेको छ।

# डुम्रे-बेँसीशहर-चामे सडकको पहिराले मनाङलाई सास्ती

रासस
मनाङ, २८ भदौं

हिमाली जिल्ला मनाङ कहिले बाढी र पहिरोको चपेटामा पर्छ त कहिले छिमेकी जिल्लाको मारमा पर्दै आएको छ । दसैं नजिकिँदै गर्दा जिल्ला फर्किने मनाङवासीलाई सकसको यात्रा भेल्नुपर्ने भएको छ।

गत वर्ष बाढीपहिरोको मारमा परेको मनाङले यस वर्ष छिमेकी जिल्ला लमजुङको सडकको मार खेप्नुपर्ने भएको छ । मनाङ आउने तथा लमजुङको सदरमुकाम बेँसीसहर आउने एक मात्र सडकको दुरावस्थाले सास्ती खेप्नुपर्ने भएको हो । बेँसीसहर नगरपालिका-१ उदिपुरमा केही समयअघि मात्रै ठूलो पहिरो खसेपछि वैकल्पिक सडकमार्फत यात्राको प्रबन्ध मिलाइएको छ। तर यस सडकको दुरावस्थाले लमजुङवासी मात्रै नभएर विकट जिल्ला मनाङवासीको मेरुदण्डको सडकले समस्या थप्दै आएको छ । गत वर्ष नै पहिरोले सडक भासिएपछि हालसम्म मर्मत तथा सम्भार एवं निर्माणको काम शून्य रहेको यस सडकमार्फत हुने यात्रामा प्रस्ट देखिन्छ ।

उक्त सडक खण्डको दुरावस्था मर्मतसम्भार गर्नुको साटो सडकसँग सम्बन्धित निकाय भने मूकदर्शक भएर बसेको लमजुङका स्थानीयवासी बताउँछन् । सदरमुकाम पुग्न यस सडकमार्फत यात्रा गर्दा ज्यान नै जोखिममा राखेर यात्रा गर्नुपरेको स्थानीयवासीको भनाइ छ । यता डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयले दुरावस्थामा यात्रा गरिरहेको भए पनि असोजदेखि मात्रै काम हुने जनाउँदै आएको छ।

दुई जिल्लाको मेरुदण्डको सडक नै समयमा निर्माण हुन नसक्दा सर्वसाधारणलाई सदरमुकाम पुगेर काम गर्नसमेत लामो समय खर्चिनुपरेको स्थानीयवासी बताउँछन् । यस सडकमार्फत नै मनाङमा उत्पादित स्याउलगायत विभिन्न व्यापारिक कार्य गर्नुपर्ने हुन्छ । तर सडकको दुरावस्थाले सकस भएको मनाङका स्याउ कृषक बताउँछन् ।

यति बेला जिल्लामा उत्पादित स्याउ बजारमा पुऱ्याउने तथा पर्यटक आउने अनुकूल समय भएको छ । तर सडकको दुरावस्थाले कोभिड-१९ सङ्क्रमण न्यूनीकरणपछि पर्यटक आउने अवसरलाई सकस बनाएको मनाङवासी बताउँछन्। "मनाङको मेरुदण्डका रूपमा रहेको डुम्रे-बेँसीसहर-चामे सडक खण्डको बेँसीसहर आउन अगाडि नै सकस भेल्नुपर्छ । मनाङ आउन हिँडेका पर्यटक सडकको अवस्था देखेर नै फर्किन्छन् कि भन्ने समस्या भएको छ । लमजुङवासीले पहल गर्न सके उनीहरूसँगै मनाङवासीलाई सहज हुने थियो", मनाङका पर्यटन व्यवसायी सङ्घका अध्यक्ष विनोद गुरुङले भन्नुभयो । मनाङवासीले यही मार्ग हुँदै खाद्यान्नलगायत विकास निर्माणका लागि पूर्वाधारका सामग्री ओसर पसार गर्नुपर्ने हुन्छ । वर्षामा बाढीपहिरो, हिउँदमा हिमपातले गर्दा जिल्लाको विकास निर्माण तथा खाद्यान्न ढुवानीमा समस्या भए पनि मुख्य सडक पर्ने छिमेकी जिल्लामा समस्या आए मनाङलाई पनि प्रभाव पर्ने गरेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । यो समस्या समाधान भएमा लमजुङसँगै मनाङवासीलाई समेत सहज हुने उहाँको भनाइ छ । बर्सेनि यो समस्याले मनाङवासीका साथै पर्यटकलाई आवतजावतमा कठिनाइ भएको स्थानीयवासी बताउँछन् । छिमेकी जिल्लामा समेत पहिरोले सडक खसेपछि सहज तवरबाट यात्रा गर्न कहिले पनि नपाउने हो कि भन्ने मनाङवासीको चिन्ताको विषय बनेको छ।

# शितल चोतारी आमा समुहको अध्यक्षमा लम्साल

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौं



पोखरा १७ छोरेपाटनमा रहेको शितल चौतारी आमा समुहको १६ औं साधारण सभा तथा ८ औं अधिवेशनले सुमित्रा लम्सालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

समुहको वरिष्ठ उपाध्यक्षमा मैया अधिकारी, उपाध्यक्षमा शान्ति जिसी, सचिवमा मिना पोखरेल, सहसचिवमा विष्णु कुमारी पोखरेल बराल, कोषाध्यक्षमा कमला सुवेदी, सहकोषाध्यक्षमा विष्णु कुमारी लम्साल र सदस्यहरुमा राममाया पौडेल, शिला केसी, रेनु बस्तोला, शुसिला कायस्था, रुपा पौडेल, सावित्रा अर्याल, कल्पना पहारी, पार्वती लम्साल, रुपादेवी शर्मा, लक्ष्मी लम्साल र साँस्कृतिक समितिका संयोजक वसुन्धरा पौडेल, सदस्यमा माधवी अधिकारी र मिठु देवी पनेरु सर्वसम्मत निर्वाचित भएका छन् । कार्यक्रमको उद्घाटन गर्दै पोखरा १७ की वडा अध्यक्ष राधिकाकुमारी शाही योगीले सामाजिक संस्थाहरु आर्थिक पारदर्शिता र समाज उन्मुख हुनुपर्ने साथै महिलाले आँट गरेर जागरुक भएमा समाज परिवर्तन संगै नेतृत्व विकास पनि हुने वताउँदै आफु पनि निकै संघर्षबाट आज महानगर भरीमा एक जना मात्र महिला अध्यक्ष हुन पुगेको वताएकी थिइन ।

छोरेपाटनको अग्रणी संस्था छोरेपाटन टोल सुधार समितिका वरिष्ठ उपाध्यक्ष आनन्द अर्याल, पुर्व अध्यक्षहरु तुलसीराम वराल, ऋतुनाथ लम्साल, सितल चौतारी टोल विकास संस्थाका अध्यक्ष कृष्णप्रसाद पोखरेल, पुर्व अध्यक्ष इश्वरी लम्साल, रेडक्रस सोसाइटी पोखरा १७ उपशाखा र गुप्तेश्वर महादेव गुफा ब्यबस्थापन समितिका सचिव हरि लम्साल, जेष्ठ नागरिक मञ्चका अध्यक्ष विष्णु प्रसाद पोखरेल, राधाकृष्ण मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मी अधिकारी, नारी उत्थान दिदिवहिनी समुहकी अध्यक्ष जानुका सुवदीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

शितल चौतारी आमा समुहकी अध्यक्ष विमला पोखरेलको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव शान्ति जिसीले र स्वागत वरिष्ठ उपाध्यक्ष सुमित्रा लम्सालले गरेकी थिइन ।

# असहाय बालबालिकाको अभिभावक 'कमला'

पोखरापत्र संवाददाता
वालिङ, २८ भदौं

सडकमा हिँड्दै गरेका सहाराविहीन बालबालिका देख्दा कमलाको मन छोयो । अभिभावक कोही भएको भए त अरु बालबालिका जस्तै घरमै बस्थे होलान्, पढ्थे होलान्, आमा बुवाको काखमा रमाउँथे होलान् भन्ने कुराले मनमा चसक्क घोच्यो ।

दुई/तीन यस्ता असहाय बालबालिकाको अभिभावक बन्छु भन्ने त उहाँलाई भयो तर आफूले दुई/तीनको अभिभावकत्व लिँदैमा समाजमा थप अरु असहाय बालबालिकाको अभिभावक को बन्छ त ? उहाँलाई यही कुराले बारम्बार झकझकाइ रहयो । दुई /तीन जनाको अभिभावक बनेर साहारा दिन्छु भन्ने सोच मनैबाट पलाए पनि आफ्ना आफन्तहरु र यस विषयका जानकारहरुसँगै बुझ्दा व्यक्तिगतभन्दा पनि संस्थागत तरिकाले अगाडि बढ्दा राम्रो हुने सुझाव पाएपछि संस्था दर्ता गरेर असहाय बालबालिकाको अभिभावक बन्ने अभियान थाल्नुभयो । दश वर्षे द्वन्द्वका समयमा अभिभावक गुमाएका, अङ्गभङ्ग भएका परिवारका बालबालिका हाल समाजमा विभिन्न कारणबाट अभिभावकविहीन बन्न पुगेका बालबालिकालाई आश्रय दिनेगरी अमोर सेवा नेपाल संस्था स्थापना भयो । कमला पराजुलीको अध्यक्षतामा स्याङ्जाको फेदीखोला गाउँपालिका १ मा कार्यालय रहने गरी विसं २०६८ मा संस्था स्थापना भएको हो । विसं २०६८ मा संस्था स्थापना भए पनि विसं २०७२ मा सात जना अभिभावकविहीन बालबालिका राखेर काम अभियान थालिएको हो उहाँले जानकारी दिनुभयो । बालगृहमा अहिले ३० जना बालबालिका बस्दै आएका छन् । अभिभावकविहीन, घर परिवारबाट त्यागिएका, अपाङ्गता वा घाइते भई पालनपोषण गर्न नसक्ने परिवारका रुकुम, मुगु, पर्वत र स्याङ्जाका बालबालिका बालगृहमा राखेर अभिभावकत्व प्रदान गरिएको पराजुली बताउनुहुन्छ ।

बालगृहमा तीन वर्षदेखि १७ वर्ष उमेर समूहका २० बालक र १० बालिका छन् । अभिभावकविहीन बालबालिकालाई अभिभावकत्व प्रदान गर्दै उनीहरुको लुगाफाटो, खानपिन, बसोबास तथा अध्ययनको व्यवस्थापन कमलाले मिलाउँदै आउनुभएको छ । "बालगृह सञ्चालनका लागि आम्दानीको स्रोत भने केही छैन", उहाँले भन्नुभयो, "मुख्य स्रोत भनेकै मुठीदानसहित जन्मदिन, वार्षिक पुण्यतिथिमा गरिने कार्य, धार्मिक कार्य, विभिन्न सङ्घसंस्थाले खाद्यान्न, लत्ताकपडालगायत नगद तथा जिन्सीका रुपमा प्राप्त हुने सहयोग नै हो ।" असहाय बालबालिकाको अभिभावकको रुपमा स्थापित भएको बालगृहमा स्थानीय तहले हालसम्म कुनै पनि किसिमको सहयोग गरेका छैन । बालगृहले हालसम्म सञ्चालनका लागि कुनै पनि विदेशी सहयोग नलिएको उहाँले बताउनुभयो । बालगृहमा बस्दै आएका २८ बालबालिका दामगाडे माध्यमिक विद्यालयमा र २ जना सिद्धार्थ माध्यमिक विद्यालयमा अध्ययनगर्दै आएका छन् । बालगृहमा आश्रित रहेका बालबालिकालाई अध्यक्ष कमला, बुवाआमा र २ जना सहयोगीहरु निरन्तर खट्दै आउनुभएको छ । बालगृह सञ्चालनका लागि मासिक रुपमा करिब रु दुई लाख ५० हजार खर्च हुने गरेको उहाँले बताउनुभयो ।


# पर्वतको विहादीमा स्थानीय जातका गाई संरक्षण सुरु

पोखरापत्र संवाददाता
पर्वत, २८ भदौं

पर्वतको विहादी गाउँपालिकामा स्थानीय जातका गाई संरक्षण सुरु गरिएको छ।

स्थानीय जातको गाई लोप हुँदै गएपछि गाउँपलिकाले संरक्षण अभियान थालेको हो । विहादी गाउँपालिकाले पालिकाभित्रका छ वटै वडामा व्यावसायिक वा निर्वाहमुखीरुपमा स्थानीय जातका गाईपालन गरेका कृषकलाई प्रोत्साहसमेत गर्ने भएको छ।

पर्वतमा पछिल्लो समय उन्नत जातका गाईपालन बढ्दै गएको छ। थोरै दूध दिने र गाईपालनको खर्चसमेत नउठ्ने भन्दै कृषक स्थानीय गाईपालन गर्न छाडेका छन् । पालिकाले सूचना जारी गर्दै स्थानीय जातका गाईपालक कृषकलाई गाईको सुत्केरी भत्ताका लागि आवेदन माग गरेको छ । कृषकलाई प्रोत्साहनसहित गाईपालनतर्फ आकर्षण बढाउन यस्तो अभियान थालिएको विहादी गाउँपालिकाका अध्यक्ष परविन गुरुङले जानकारी दिनुभयो ।

गाई अभावमा गाउमा विभिन्न हिन्दू संस्कारमा गाईको दस्तुर भन्दै नगद दक्षिणा राखेर उम्काउने गरिएको छ । यसले हिन्दू धर्म नै सङ्कटनमा पर्ने र हिन्दू धर्मावलम्बी नयाँपुस्ताले स्थानीय जातको गाईको पहिचान नै नपाउने भएकाले संरक्षण गर्न थालिएको अध्यक्ष गुरुङको भनाइ छ । नगरपालिकाको यस कार्यक्रममा समावेश हुन गाई र गर्भाधारण गराइएको बहर स्थानीय नै हुनुपर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवोधबाबु पौडेलले जानकारी दिनुभयो । पालिकाले न्यूनतम रु पाँच हजारभन्दा बढी प्रोत्साहन भत्ता दिने तयारी गरेको छ । जिल्लाका सात स्थानीय तहमध्ये विहादीले पहिलोपटक स्थानीय गाईलाई संरक्षणका लागि अभियान थालेको हो । यसअघि जिल्लाका सबैजसो पालिकाले गाईभैंसीलाई सुत्केरी भत्ता दिने कार्यक्रम भने यसअघि नै सुरु गरेका थिए । भैंसी सुत्केरी भएपछि पाडापाडी तत्काल मासुका रुपमा उपभोग गर्ने प्रचलन बढेपछि सुत्केरी भत्ता दिएर पाडापाडी हुर्काउने र स्थानीय जानका लिमे पाराकोटे भैंसी संरक्षणका लागि उक्त कार्यक्रम लागू गरेका छन् ।

यस्तै पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पनि यस वर्ष गाईभैंसीको सुत्केरी खर्चका लागि रु छ लाख रुपैयाँ विनियोजन गरेको छ।

# विद्यार्थीलाई केराको पातमा कोदाको सेल, दुनामा कागुनाको खिर

पोखरापत्र संवाददाता
गण्डकी, २८ भदौं

लहरै बसेर केराको पातमा कोदाको सेल, दुनामा कागुनाको खिरसहित केरा र आलुको अचार खाइरहेका थिए विद्यार्थी । उक्त दृश्यले हाम्रा समाजमा पहिले-पहिले हुने गरेका भोजभतेरको झल्को दिन्थ्यो । खुसी थिए विद्यार्थी, खाजा बाँड्न खटिएका शिक्षक तथा कर्मचारी पनि उत्तिकै प्रफुल्ल देखिन्थे ।

कृषिप्रतिको अनिच्छासँगै खेतबारी बाँझिएपछि यतिखेर गाउँघरमा कोदो पाउन मुस्किल छ । फाट्टफुट्ट कोदाको खेती देखिने गरे पनि कागुनो त लभगभ हराइसकेको छ । परम्परागतरूपमा केराको पात र दुनामा खाने प्रचलन पनि छैन ।

यिनै कुरालाई दृष्टिगत गर्दै पोखरा महानगरपालिका वडा नं २२ पुम्दीभुम्दी दहरास्थित लीला आधारभूत विद्यालयका विद्यार्थीलाई सोमबार रैथाने बालीका परिकारको खाजा खुवाइयो । पुम्दीभुम्दी कृषि सहकारी संस्था र कराङ्गे कृषि समूहद्वारा संयुक्तरूपमा आयोजित कार्यक्रमको उद्देश्य नै विद्यार्थीलाई रैथाने बालीका परिकारको खाजा खुवाएर यसबारे जानकारी गराउँदै अभिभावकलाई यसतर्फ अभिप्रेरित गर्नु थियो । खेतबारीहरू बाँझिदै गएका अवस्थामा पोषकतत्वयुक्त रैथाने बालीतर्फ सचेतना जगाउने उद्देश्यका साथ विद्यालयका विद्यार्थीलाई रैथाने कोदोको सेल, कागुनाको खिरसहित केरा र आलुको अचारको खाजा खुवाइएको कराङ्गे कृषक समूहका अध्यक्ष श्यामलाल पोखेलले बताउनुभयो । "पछिल्ला वर्षमा गाउँघरतिर खेतबारी बाँझै छन्, कोदो, कागुनोजस्ता रैथाने बाली लोप हुने अवस्थामा छन्", उहाँले भन्नुभयो, "विद्यालयका विद्यार्थीमार्फत रैथाने बालीप्रति सचेतना जगाउने उद्देश्यका साथ यो अभियान थालेका हौँ ।" पहिले-पहिले गरिब, विपन्न परिवारले खाने अन्नका रूपमा लिइने कोदो पछिल्ला वर्षमा भने सम्पन्न हुनेखानेको रोजाइमा पर्न थालेको छ । विभिन्न रोग प्रतिरोधात्मक कोदोको पछिल्ला वर्षमा खेती कम हुँदै गएको छ भने बजारमा माग बढ्दो रहेको पोखरा कृषि महाशाखा प्रमुख मनोहर कडरिया बताउनुहुन्छ । कोदोखेती कम हुन थालेसँगै यसका विभिन्न रैथाने प्रजाति पनि लोप हुँदै जानु यतिखेर चुनौतीका रूपमा देखिएको छ । विगतमा कास्की र आसपासमा दूधे काले, कुकुर काने, ठूलो कोदो, ज्याउदी खोले, देउराली काले, माझठाने, चुल्ठे, कालो डल्ले, सम्धी, सेतो झ्यापे, सिर्कुताने, हुम्ला डल्लेजस्ता विभिन्न प्रजाति पाउने गरिएकामा ती प्रजाति लोप हुँदै गएका छन् । मधुमेहजस्ता रोगका बिरामीलाई पनि खान हुने भएकाले बजारमा कोदोको अत्यधिक माग हुने गरेको पाइन्छ । पौष्टिक अन्नमध्येको कोदो रोटी, ढिँडो, पुवाजस्ता परिकार बनाउन प्रयोग गरिन्छ भने यसबाट घरेलु मदिरा पनि बनाउने गरिन्छ । कोदोखेतीलाई अघि बढाउन सकेमा यसले बाँझिएका जग्गामाखेतीगर्दैस्थानीयवासीलाई आयआर्जनसँग जोड्न सकिने कडरियाको भनाइ छ । विद्यालय तहबाट सचेतनामूलक किसिमले रैथाने बालीका परिकारका खाजा खुवाउने अभियानलाई व्यापक गर्न सकेमा हराउँदै गएका बालीलाई पुनः लगाउने वातावरण तयार गर्न सकिने कडरियाले बताउनुभयो ।

कागुनो पुराना अन्न बालीमध्येमा पर्दछ । नेपाली समाजमा यसलाई काउनो पनि भन्ने गरिन्छ । नेपालका विभिन्न स्थानमा प्राचीनकालदेखि हुँदै आएको यो खेती अहिले भने लगभग लोपोन्मुख अवस्थामा पुगेको छ । नेपालका कणाली क्षेत्रका साथै रामेछाप, काभ्रे, गोरखा, लमजुङ, कास्की, धादिङजस्ता जिल्लामा फाट्टफुट्ट यो खेती गर्ने गरिए पनि अहिले भने लगभग हराइसकेको कृषक बताउँछन् । पहाडी भेगमा त यसलाई अनिकाल टार्ने अन्नका रूपमा समेत लिने गरिन्थ्यो । असिना तथा खडेरी सहनुका साथै भिरालो र कम उर्वर जमिनमा पनि राम्रो उत्पादन हुनसक्ने भएकाले यसलाई अनिकालको अन्न भन्ने गरिएको हो । कागुनोको भात, खिर, ढिँडो बनाएर खाने चलनका साथै कोदोसँग मिसाएर रक्सीसमेत बनाउन सकिने यो बाली बाँझिएका जग्गामा लगाउन सके स्थानीयको आयआर्जन बढाउन सकिन्छ ।

कृषिप्रतिको अनिच्छासँगै रैथाने बालीको महत्व बुझ्न बुझाउन नसक्दा कोदो, कागुनोजस्ता रैथाने बालीहरू सङ्कटमा परेको पुम्दीभुम्दी कृषक समूहका अध्यक्ष खेमराज बरालले बताउनुभयो । "हाम्रा बाँझिएका जग्गामा यी रैथाने बालीलाई अघि बढाउन सकेमा यसले उत्पादनसँगै आम्दानी बढाउन सकिन्छ", उहाँले भन्नुभयो ।

कृषिलाई वडा कार्यालयले प्राथमिकतामा राखेको बताउनुहुने पोखरा-२२ का वडाध्यक्ष हिमलाल बराल स्थानीयको जागरुकता भएमा वडाका तर्फबाट हुनसक्ने सबै किसिमका सहयोगमा आफूहरू प्रतिबद्ध भएको बताउनुभयो । लीला आधारभूत विद्यालयका प्रधानाध्यापक घनश्याम देवकोटाले विद्यार्थीमार्फत रैथाने बालीको संरक्षणमा घर-घरमा सन्देश पुग्ने विश्वास व्यक्त गर्नुभयो । शिक्षक प्रितम देवकोटाले बाँझिएका जग्गामा खेती गर्न सकेमा परनिर्भरता हट्दै आत्मनिर्भरता बढ्ने धारणा राख्नुभयो ।

# रेडक्रस पोखरा २६ मा प्राथमिक तालिम

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौं



नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कास्कीको आयोजना तथा पोखरा २६ उपशाखा र युवा रेडक्रस सर्कल को ब्यस्थापनमा ४ दिने आधार भूत प्राथमिक उपचार तालिम सन्चालन गरेको छ ।

तालिमको उद्धाटन गर्दै प्रमुख अतिथी एबं पोखरा २६का वडाध्यक्ष नरेन्द्र थापाले रेडक्रस एक बिशुद्द मानबिय सेवा गर्ने संस्था हो यसले समाजमा आई परेको बिपत्ति को बेलामा आंफै नै सेवाभाबले सहभागी हनेगरेको छ र यस्तो तालिमले महिलाहरूको क्षमता बिकासमा मद्दत पुग्दछ ।

कार्यक्रममा साबिक लेखनाथका उपशाखा र रूपा क्षेत्रका सबै महिला गरि २४ जना सहभागी रहेका छन्, नेपाल रेडक्रस सोसाइटी पोखरा २६ का सभापति शैलेन्द्र मोहन भट्टराई को अध्यक्ष तामा सुरू कार्यक्रममा नेरेसो कास्की शाखाकी उपमन्त्री उर्मिला खड्का, कार्यक्रमका तालिम संयोजक राजेश घिमिरे, उपशाखाका पूर्ब सभापति नरभुपाल पौडेल, युवा सर्कलका अध्यक्ष बिकास रानाभट, उपशाखाकि सहकोषाध्यक्ष दुर्गा तिमिल्सिना, लगाएतले कार्यक्रम माथि धारणा राखेका थिए, भने कार्यक्रममा स्वागत उपसभापति देबि ढुङ्गाना गरेकिथिईन भने सन्चालन उपशाखाका कार्यबहाक सचिब महेन्द्र ढुङ्गानाले गरेका थिए ।

# नेपालमा ५५ देशको दुई खर्ब २८ अर्ब प्रत्यक्ष वैदेशिक लगानी, कुन क्षेत्रमा कति ?

रासस
काठमाडौं, २८ भदौं

नेपालमा संसारका विभिन्न ५५ देशको रु दुई खर्ब २७ अर्ब ९५ करोड बराबरको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा कूल प्रत्यक्ष वैदेशिक लगानीको मौज्दात अघिल्लो वर्षको तुलनामा १४ दशमलव आठ प्रतिशतले वृद्धि भएको हो । कूल वैदेशिक लगानीमध्ये चुक्ता पुँजीको अंश ५३ दशमलव नौ प्रतिशत, सञ्चितिको ३१ दशमलव छ प्रतिशत र कर्जाको अंश १४ दशमलव पाँच प्रतिशत रहेको छ । चुक्ता पुँजीको अंश १३ दशमलव सात प्रतिशतले बढेकाले कूल प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि भएको केन्द्रीय बैंकको विवरणमा उल्लेख छ । प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी यस्तो लगानीको क्षेत्रगत अवस्था एवं प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले केन्द्रीय बैंकको आर्थिक अनुसन्धान विभागले प्रत्यक्ष वैदेशिक लगानीका सम्बन्धमा प्रत्येक वर्ष स्थलगत सर्वेक्षण गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आव २०७७/७८ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीमध्ये कूल एक सय ९७ वटा कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा अन्य विवरणको विश्लेषणका आधारमा 'प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७७/७८' तयार पारिएको केन्द्रीय बैंकले जनाएको छ । विसं २०७८ असार मसान्तसम्ममा नेपालमा ५५ देशको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । त्यसमा भारतबाट सबैभन्दा बढी अर्थात् रु ७५ अर्ब ८१ करोड र त्यसपछि क्रमशः चीनबाट रु ३३ अर्ब, आयरल्याण्डबाट रु १६ अर्ब ४८ करोड, सिङ्गापुरबाट रु १५ अर्ब ४८ करोड र सेन्ट किट्स एण्ड नेभिसबाट रु १४ अर्ब ५१ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ६० दशमलव पाँच प्रतिशत औद्योगिक क्षेत्रमा र ३९ दशमलव चार प्रतिशत सेवा क्षेत्रमा रहेको देखिन्छ ।

औद्योगिक क्षेत्रअन्तर्गत जलविद्युत् क्षेत्रमा ३० दशमलव आठ प्रतिशत र उत्पादन क्षेत्रमा २ ९ दशमलव पाँच प्रतिशत वैदेशिक लगानी रहेको देखिन्छ । यसैगरी कूल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २६ दशमलव नौ प्रतिशत सेवा क्षेत्रअन्तर्गत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा रहेको छ । वैदेशिक लगानीमा सञ्चालित उत्पादनमूलक कम्पनीको क्षमता उपयोग ६४ दशमलव नौ प्रतिशत रहेको पाइएको छ भने नाफाको दर करिब १४ दशमलव सात प्रतिशत रहेको छ ।

# गाउँपालिकाको एकीकृत सेवा घरदैलोमा

पोखरापत्र संवाददाता
दमौली, २८ भदौं

तनहुँको म्याग्दे गाउँपालिकाले सेवाग्राहीलाई घरदैलोबाट एकीकृत सेवा प्रदानगर्ने भएको छ। गाउँपालिकाको कार्यालयबाट मात्र प्रदान हुँदै आएको सेवालाई जनताको घरदैलोबाटै प्रदान गर्न लागिएको हो ।

भदौ २४ गतेको कार्यपालिकाको बैठकको निर्णयअनुसार एकीकृत घुम्ती शिविर सञ्चालन गरी जनतालाई घरदैलोबाट सेवा दिइने प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । "सेवालाई जनताको घर आँगनमा पुऱ्याउन एकीकृत घुम्ती शिविरको आयोजना गर्न लागेका हौँ । शिविरबाट सेवाग्राहीलाई सबै प्रकारका सेवा प्रदान गरिनेछ", अधिकारीले भन्नुभयो । घुम्ती शिविरमै चालु आर्थिक वर्षका लागि सञ्चालन गरिने योजनाको सम्झौता पनि गरिनेछ । कृषि, पशु, स्वास्थ्य, घरनक्सा, पञ्जीकरण लगायतका सेवा शिविरबाट प्रदान गरिने गाउँपालिकाले जनाएको छ ।

घुम्ती शिविरबाट विषयगत शाखाअन्तर्गत योजना सम्झौता, सुझाव तथा परामर्श सेवा,स्वास्थ्य/आयुर्वेदशाखाअन्तर्गत सामान्य स्वास्थ्य परीक्षण, उपचार व्यवस्थापन, परामर्श तथा औषधि वितरण, क्षयरोग स्क्रीनिङ, मधुमेह, पोषण सेवा, भिआइए स्क्रीनिङ, कोभिड विरुद्धको खोप प्रदान गरिनेछ ।

कृषि शाखाअन्तर्गत हिउँदे बालीको बीउ वितरण, विषादी वितरण, फर्म दर्तासम्बन्धी आवश्यक कागजातको जानकारी, अनुदानसम्बन्धी जानकारी तथा माग सङ्कलन, पशु सेवा शाखाअन्तर्गत गोवर परीक्षण एवं औषधि वितरण, प्रशासन शाखाअन्तर्गत व्यवसाय दर्ता तथा विभिन्न विषयमा जानकारी प्रदान गरिनेछ । पञ्जीकरण शाखाअन्तर्गत विभिन्न किसिमका घटना दर्ता तथा सामाजिक सुरक्षासम्बन्धी सेवा, महिला तथा बालबालिका शाखाअन्तर्गत ज्येष्ठ नागरिक परिचयपत्र र अपाङ्गता परिचयपत्र वितरण, घरनक्सा शाखाअन्तर्गत निःशुल्क घर नम्बर प्लेट वितरण गरिनेछ ।

एकीकृत घुम्ती शिविर असोज २ देखि ४ सम्म वडा नं. १ मा, असोज ५ र ६ गते वडा नं. २ मा, असोज ७ देखि ९ सम्म वडा नं. ३ मा, असोज ११ र १२ गते वडा नं. ४ मा, असोज २७ र २८ गते वडा नं. ६ मा र असोज ३० र ३१ गते वडा नं. ७ मा सञ्चालन हुनेछ ।

गाउँपालिकाको कार्यालयमै आएर लिनुपर्ने सेवालाई जनताको घरदैलोमा पुऱ्याउने उद्देश्यले जनताका घरआँगनबाटै सेवा प्रदान गर्न लागिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । "सेवाग्राहीलाई एकदिन छुट्याएर गाउँपालिका आउनुपर्ने बाध्यताको अन्त्य हुन्छ", उहाँले भन्नुभयो, "घर आँगनमै स्थानीय सरकार गएपछि जनतालाई स्थानीय सरकारको प्रत्याभूति गराउन सकिन्छ ।"

# थप दुई सय तीनमा कोरोना सङ्क्रमण पुष्टि

रासस
काठमाडौं, २८ भदौं

देशभर पछिल्लो २४ घण्टामा थप दुई सय तीन जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा पाँच हजार ५९ को नमूना परीक्षण गरिएको थियो । एक हजार तीन सयले पिसिआर र तीन हजार सात सय ५९ को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा चार लाख २९ हजार आठ सय सातले कोभिडविरुद्धको खोप लगाएका छन् । आज एक सय २६ कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ८४ हजार सात सय १० पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार दुई सय ३२ रहेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म :
१९९३/०८/२७

स्वर्गारोहण :
२०७९/०५/१७

स्व. सुन्तली मुल्मी

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य **सुन्तली मुल्मी**को असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

सिमा कोइराला
अध्यक्ष तथा
सिद्धार्थ टोल विकास संस्था परिवार